# मिति २०७९/०६/१३ गते बिहिबार, १२७ औं कार्यपालिका बैठक

## प्रस्तावहरुः

१. वडा दशैको शुभकामना सम्बन्धमा ।
२. अघिल्लो कार्यपालिका बैठकका निर्णयहरुको समिक्षा सम्बन्धमा ।
३. खोला नालाको आई.ई.ई. गर्ने सम्बन्धमा ।
४. ठेक्काको म्याद थप सम्बन्धमा ।
५. घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७५ संशोधन सम्बन्धमा ।
६. विद्यालयमा स्यानीटरी प्याड वितरण सम्बन्धी समिति गठन सम्बन्धमा ।
७. बाल मन्दिर आ.वि. हाता भित्रका रुख कटानको अनुमती सम्बन्धमा।
८. आर्थिक सहयोग सम्बन्धमा ।
   १. एम्बुलेन्स भाडा वापतको रकम भुक्तानी सम्बन्धमा ।(वडा नं. १०)
   २. स्वास्थ्य उपचारको लागि पाटन अस्पताल लैजादाको गाडी भाडा वापतको रकम भुक्तानी सम्बन्धमा ।(वडा नं. १२)
   ३. स्वास्थ्य उपचारको लागि नेपालगञ्ज लैजादाको गाडी भाडा वापतको रकम भुक्तानी सम्बन्धमा ।(वडा नं. १५)
   ४. औषधीजन्य सामाग्री ढुवानीका गाडी भाडा भुक्तानी सम्बन्धमा ।
   ५. प्रेस चौतारी नेपाल दाङ शाखा ।
   ६. श्री नवदुर्गा पूजा समिति ।
   ७. ज्येष्ठ नागरिक जिल्ला संघ तेरौटे दाङ।
   ८. अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (छैठौं) ।
   ९. नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समिति ।
   १०. नेपाल कम्युनिस्ट पार्टी (मसाल)
   ११. आदिवासी जनजाती महासंघ ।
   १२. महिला स्वास्थ्य स्वयंसेविका ।
९. कार्यविधि पारित सम्बन्धमा ।
   १. राजश्व गस्ती टोली गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७९
   २. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७९
   ३. पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९
   ४. घाँसेबाली व्यवसायिक बिउ बिजन उत्पादन तथा बजारिकरण कार्यक्रम सञ्चालन कार्यविधि २०७९
   ५. कृषि विकास सहायता तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९

**निर्णय नं. १**

वडा दशै २०७९ को सुखद उपलक्ष्यमा सम्पूर्ण नगरवासी आमा बुबा, दाजुभाइ, दिदी बहिनी लगायत स्वदेश तथा विदेशमा रहनुहुने नेपालीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गरियो । साथै चाडबाँडलाई तडकभडक रहित तथा मर्यादित तरिकाले मनाउन समेत नगरवासीहरुमा अनुरोध गर्ने ।

**निर्णय नं. २**

घोराही उपमहानगरपालिका नगरकार्यपालिकाको अघिल्लो बैठकले गरेका निर्णय कार्यान्वयनको अवस्थाबारे समिक्षा गरियो ।

**निर्णय नं. ३**

घोराही उपमहानगरपालिका अन्तर्गत आ.व. २०७९/०८० मा नदिजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा आदि) उत्खननका लागि तपसिल बमोजिमका खोलाहरुमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्ने ।

**तपसिलः**

| सि.नं. | वडा नं. | खोलाको नाम/स्थान/घाट | कैफियत |
|---|---|---|---|
| १ | २ | वडा नं. २ बालिम खोलाको रामपुर जाने पुलको ५०० मि. दक्षिणदेखि बबईपुलको ५०० मि. उत्तरसम्म । | |
| २ | ५ | वडा नं. ५ बबई डोलगाउँ/रामघाट, घुस्रा घाट र गोठ्लीगाउँ घाट | |
| ३ | ६ | वडा नं. ६ कटुवा खोला र बबई दोभान | |
| ४ | ७ | वडा नं. ७ गुर्जे सेवार खोलाको सुक्रवार बुधौरा घाट, बुधौरा डवरगाउँ घाट, सौडियार घाट र वेसाही घाट । | |
| ५ | ८ | वडा नं. ८ बबई पक्कीपुल ढेकेलपुर घाट बुधौरा जंग्वाखोला घाट र सौरी गुर्जे घाट । | |
| | ९ | वडा नं. ९ क्रसरदेखि उत्तर र दक्षिण, अस्परी तेघराको बाँधको आसपासको क्षेत्र । | |
| ६ | ११ | वडा नं. ११ हापुर रतनपुर जाने पुलको उत्तरतर्फ । | |
| ७ | १२ | वडा नं. १२ झोलुङ्गेपुलको आसपासको क्षेत्र रतनपुर पुलको आसपासको क्षेत्र निघुवार पुलको आसपासको क्षेत्र । | |
| ८ | १३ | वडा नं. १३ सेवार खोलाको आनन्दपुर टोल र दुर्गा भगवती टोलको आसपासको क्षेत्र । | |
| ९ | १६ | वडा नं. १६ सेवारखोला दुधेसोताको दोभान र वृद्धआश्रमदेखि ५०० मि. दक्षिण कचवेदेखि ५०० मि. उत्तरसम्म । | |
| १० | १७ | वडा नं. १७ पचुर्खा उज्वलटोल क्वारी नर्सरी ओखरा सिस्नेखोला प्युठान जाने पुलको दक्षिण । | |
| ११ | १८ | वडा नं. १८ शंखेपिपल आसपास । | |

**निर्णय नं. ४**

घोराही उपमहानगरपालिकाको नगरसभाको ११औं अधिवेशनबाट आ.व. २०७९/०८०को लागि स्वीकृत बजेट तथा कार्यक्रम अनुसार घोराही उपमहानगरपालिका क्षेत्रभित्र गत आ.व. २०७८/०७९ मा सञ्चालित विभिन्न आयोजनाहरु विविध कारणले समयमै निर्माण सम्पन्न हुन नसकेका योजनाहरुको बोलपत्रदाताबाट म्याद थपका लागि निवेदन प्राप्त गरी व्यहोरा अध्ययन गरी मनासिव देखिएमा कार्यालयलाई थप आर्थिक व्ययभार नपर्ने गरी सार्वजनिक खरिद नियमावली २०६४ (बाह्रौ संशोधन २०७९) को नियम १२० क बमोजिम म्याद थप गर्ने ।

**निर्णय नं. ५**

घोराही उपमहानगरपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ को दफा ३मा "नविकरणको म्याद सकिएका घ वर्गको निर्माण व्यवसायी नविकरण गर्न आएमा आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाणपत्र सहित पेश भएका निर्माण व्यवसायीहरुको नविकरण सम्बन्धमा एक वर्ष भित्र रु. २०,०००।– (बिस हजार) र एक वर्ष भन्दा बढी अवधि भएमा बढी भएको प्रत्येक वर्षको रु. ५०००।– (पाँच हजार) का दरले थप जरिमाना समेत लिई नविकरण गर्ने" उपदफा (४) थप गरी कार्यविधि संशोधन गर्ने।

**निर्णय नं. ६**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १४ बमोजिम यस घोराही उपमहानगरपालिका भित्र रहेका सामुदायिक विद्यालयका छात्राहरुको लागि सेनिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यमा आवश्यकता अनुसार समन्वय, सहजीकरण र अनुगमन गर्न देहाय बमोजिमको सेनिटरी प्याड वितरण तथा व्यवस्थापन समिति गठन गर्ने ।

| | | |
|---|---|---|
| क) | नगर उपप्रमुख | -संयोजक |
| ख) | शान्ता शेर्पाली, कार्यपालिका सदस्य | -सदस्य |
| ग) | नारायण प्रसाद घर्ती, जनस्वास्थ्य प्रवर्द्धन शाखा | -सदस्य |
| घ) | सावित्रा श्रेष्ठ, विद्यालय सम्पर्क व्यक्ति,मा.वि. काठेकोहल | -सदस्य |
| ङ) | रेखा पौडेल, विद्यालय सम्पर्क व्यक्ति, मा.वि. डाँडागाउँ गोग्ली | -सदस्य |
| च) | मोति कुमारी विश्वकर्मा, महिला तथा बालबालिका तथा सामाजिक विकास शाखा | -सदस्य |
| छ) | विनोद गौतम, शिक्षा युवा तथा सामाजिक विकास महाशाखा | -सदस्य सचिव |

**निर्णय नं. ७**

घोराही उपमहानगरपालिका वडा नं. १४ स्थित बालमन्दिर आधारभूत विद्यालय हाता भित्र रहेका फुल तथा अन्य प्रजातिका रुखहरुले विद्युत तार छोइ मानवीय दुर्घटना समेत हुने अवस्था रहेका हुँदा रुख कटानी तथा छटानीका लागि सम्बन्धीत निकायमा सिफारिस गरिदिनुहुन भनि १४ नं. वडा कार्यालयको च.नं. ८५२, मिति २०७९।०६।१३ गतेको पत्रबाट सिफारिस साथ अनुरोध भई आएकोले ति रुखहरु कटानी तथा छटानीको अनुमतिका लागि डिभिजन वन कार्यालय घोराही दाङमा अनुरोध गर्ने ।

निर्णय नं. ८

८.१ घोराही उपमहानगरपालिका वडा नं. १० स्वर्गद्धारी टोल निवासी बादल केसीको बुबा हरी बहादुर केसी प्यारालाइसिसको उपचार गर्ने क्रममा युनिभर्सल मेडिकल कजेज भैरहवामा मृत्यू भएको र उहाँको लास भैरहवाबाट दाङ ल्याउन एम्बुलेन्स भाडा खर्च उपलब्ध गराइदिनुहुन भनि १० नं. वडा कार्यालयको च.नं. ९२६, मिति २०७९।०६।०५ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले उक्त लास घोराहीसम्म ल्याउनको लागि प्रयोग एम्बुलेन्स भाडा वापतको रकम लायन्स क्लब अफ दाङ नारायणपुरको नाममा रु. १२,०००।(बाह्र हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने ।

८.२ घोराही उपमहानगरपालिका वडा नं. १२ बस्ने अन बहादुर घर्तीको कान्छी आमा वर्ष ४५ की गीता पुन मगरको मानसिक अवस्था ठिक नभएको र उहाँको उपचारको लागि पाटन अस्पताल ललितपुरमा उपचार गर्न लैजानुपर्ने भएको तथा उहाँको आर्थिक अवस्था निकै कमजोर भएकोले उहाँलाई अस्पताल लैजान लागेको यातायात खर्च वापतको रकम सहयोग गरिदिनुहुन भनि १२ नं. वडा कार्यालयको च.नं. ६६३, मिति २०७९।०६।०६ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले गाडी चालक श्री यम बहादुर खत्रीलाई गाडी भाडा वापत रकम सम्झौता अनुसारको रकम रु. ४२,९००।–(बयालिस हजार नौ सय)को १०प्रतिशत कर कट्टी गरी हुन आउने रकम रु. ३८६१०।–(अठतिस हजार छ सय दश) यस घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने ।

८.३ घोराही उपमहानगरपालिका वडा नं. १५ बस्ने हेमा रावतको आमा टिका कुमारी विरामी हुनुभएको र उहाँको स्वास्थ्य उपचारको लागि नेपालगञ्ज लैजानुपर्ने भएको साथै उहाँको आर्थिक अवस्था कमजोर भएकोले उहाँलाई उपचारको लागि नेपालगञ्ज लैजादा लागेको गाडी भाडा वापतको रकम सहयोग गरिदिनुहुन भनि १५ नं. वडा कार्यालयको च.नं. १२९५, मिति २०७९।०६।०६ गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले गाडी चालक असोक बोटेलाई गाडी भाडा वापत सम्झौता अनुसार रकम रु. १४,३००।– (चौध हजार तिन सय)को १० प्रतिशत करकट्टी गरी १२,८७०।–(बाह्र हजार आठ सय सत्तरी) यस घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने ।

८.४ घोराही उपमहानगरपालिका वडा नं. १८का लागि औषधीजन्य सामग्रीहरु काठमाण्डौबाट दाङ ल्याउदा लागेको ढुवानी खर्च भुक्तानी गरिदिनुहुन भनि १८ नं. वडा कार्यालयको च.नं. ९४२, मिति २०७९।०६।१२गतेको सिफारिस पत्रसाथ अनुरोध भई आएकोले गाडी ढुवानी भाडा वापतको रकम गाडी चालक प्रबिन पुन मगरलाई सम्झौता अनुसारको रकम रु.५७२००।–(सन्ताउन्न हजार दुई सय)को १० प्रतिशत करकट्टी गरी रु. ४५,०००।–(पैतालिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट भुक्तानी दिने ।

८.५ प्रेस चौतारी नेपालले मिति २०७९ असोज ८ गते लुम्बिनी प्रदेशस्तरीय प्रचार भेला कपिलवस्तुको चन्द्रौटामा आयोजना गरेको हुँदा उक्त कार्यक्रम संचालनका लागि प्रेस चौतारी नेपाल दाङ शाखाबाट मिति २०७९।०६।०५ गते आर्थिक सहयोगको लागि निवेदन प्राप्त भएकोले प्रेस चौतारी नेपाल दाङ शाखालाई रु. २५,०००।–(पच्चीस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

८.६ विजय दशमीको पावन अवसरमा घोराहीमा नवदुर्गा भवानी मूर्ति स्थापना गरी भव्य रुपमा मनाउने कार्यक्रम रहेको भनि श्री नवदुर्गा पूजा समिति घोराह दाङको च.नं. १५ मिति २०७९।०५।२९ गतेको पत्रबाट आर्थिक सहायताका लागि अनुरोध भई आएकोले उक्त पूजा कार्याक्रमका लागि  रु. १५,०००।– (पन्ध्र हजार) घोराही उपमहानगरपालिकाको धार्मिक तथा साँस्कृतिक सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.७ ज्येष्ठ नागरिक जिल्ला संघ घोराही तेरौटे दाङको च.नं. ५ मिति २०७९।०५।२४ गते स्मारिक प्रकाशनका लागि  आर्थिक सहयोग गरिदिनुहुन भनि अनुरोध भई आएकोले संघलाई स्मारिका प्रकासनार्थ सहयोग स्वरुप रकम रु. १,००,०००।– (एक लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.८ अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन(छैठौं)को मिति २०७९।०६।१४ र १५ गते बुटवलमा सम्पन्न हुने राष्ट्रिय परिषदको बैठकका लागि आर्थिक सहयोग गरिदिनुहुन भनि मति २०७९।०६।०९ गते यस कार्यालयमा निवेदन प्राप्त भएकोले उक्त बैठकका लागि सहयोग स्वरुफ रु. १०,०००।– (दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.९ नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिको मिति २०७९।०६।१४ र १५ गते बुटवलमा सम्पन्न हुने राष्ट्रिय परिषदको बैठकका लागि आर्थिक सहयोगका लागि मिति २०७९।०६।०९ गते यस कार्यालयमा निवेदन प्राप्त भएकोले उक्त बैठकका लागि सहयोग स्वरुप रकम रु. ५०,०००।– (पचास हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.१० नेपाल कम्युनिस्ट पार्टी (मसाल) विशेष महाधिवेशन आयोजना समिति केन्द्रीय कार्यालय काठमाण्डौको मिति २०७९।०६।०६ गतेको पत्रबाट यही २०७९ साल असोज महिनामा पार्टीको विशेष महाधिवेशन हुने भएकाले उक्त महाधिवेशनकाका लागि आर्थिक गरिदिनुहुन अनुरोध भई आएकोले सहयोग स्वरुप रकम रु. २०,०००।– (बिस हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने।

८.११ आदिवासी जनजाती महासंघ जिल्ला समिति दाङको च.नं. २७२८ मिति २०७९।०६।०८ गतेको पत्रबाट नेपालीहरुको महान चाड बडा दशै र तिहार तथा नेपाल संम्वतको पावन अवसरमा शुभकामना आदान प्रदान कार्यक्रम रहेको हुँदा उक्त कार्यक्रमका लागि आर्थिक सहयोगका लागि अनुरोध भई आएकोले आदिवासी जनजाती महासंघ जिल्ला समिति दाङलाई रु. १०,०००।– (दश हजार) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

८.१२ घोराही उपमहानगरपालिका भित्र कार्यरत महिला स्वास्थ्य स्वयम् सेविकाहरुले दशै मिलन तथा परिचयात्मक कार्यक्रम संचालनका लागि आर्थिक सहयोग उपलब्ध गराइदिनुहुन भनि अध्यक्ष श्री विना खनालले यस कार्यालयमा निवेदनसाथ अनुरोध गर्नुभएकोले उक्त कार्यक्रम संचालनका रकम रु.१,००,०००।– (एक लाख) घोराही उपमहानगरपालिकाको अन्य संस्था सहायता शीर्षकबाट उपलब्ध गराउने ।

**निर्णय नं. ९**

घोराही उपमहानगरपालिकाका विभिन्न शाखाबाट प्राप्त कार्यविधिहरुको मस्यौदा माथि विधेयक समितिको मिति २०७९।०६।०२ गते बसेको बैठकमा छलफल गरी कार्यपालिकामा पेश भएका तपसिल बमोजिमका कार्यविधिहरु पारित गर्ने ।

**तपसिलः**

१. राजश्व गस्ती टोली गठन तथा परिचालन सम्बन्धी कार्यविधि २०७९
२. व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्यविधि २०७९
३. पशु स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन कार्यविधि २०७९
४. घाँसेबाली व्यवसायिक बिउ बिजन उत्पादन तथा बजारिकरण कार्यक्रम सञ्चालन कार्यविधि २०७९
५. कृषि विकास सहायता तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७९